**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 19.11.2024**

---

***Speaker DY Speaker***

राज्य विधानसभा अध्यक्ष श्री मिङमा नर्बु शेर्पा र उपाध्यक्ष श्रीमती राजकुमारी थापाले हिजो दक्षिण कोरियाको राजधानी सियोलमा, भारतका राजदूत श्री अमित कुमारसित भेट गर्नुभयो ।

उहाँहरूले श्री कुमारलाई सिक्किममा मुख्यमन्त्रीले राज्यको स्वाङ्गीण विकासका लागि सड़क सम्पर्क, पर्यटन, शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रहरूलाई प्राथमिकता दिनुभएको कुरोवारे अवगत गराउनुभयो ।

विधानसभा अध्यक्षले सियोलमा भारतका राजदूतलाई सिक्किम भ्रमणमा आएर दिगो प्रगतिका लागि विभिन्न क्षमतायुक्त विकास सम्वन्धी सम्भावनाहरूवारे आफ्नो विचार साझा गर्ने आग्रह गर्नुभएको छ । श्री शेर्पाको निमन्त्रणलाई स्वीकारेर उहाँले निकट भविस्यमा सिक्किम भ्रमणमा आउने इच्छा रहेको कुरो बताउनुभयो ।

सिक्किमको भ्रमण टोलीले अध्ययन भ्रमणको क्रममा ग्योनबक प्यालेस, बकचोन हानेक गाउँ, सामसेन टावर, स्टारफिल्ड पुस्तकालय, र कोरियाको रास्ट्रिय संग्रहालयको भ्रमणागरयो ।

---

***Union Jal Shakti Ministry***

केन्द्रीय जलशक्ति मन्त्रालयले आज विश्व शौचालय दिवसको अवसरमा आज हमारा शौचालय हमारा सम्मान नामक तीन सप्ताहव्यापी अभियान शुरू गरेको छ ।

अभियानको उद्देश्य स्वच्छताको बुनियादी ढाँचामा सुधार व्यवहार परिवर्तनमा प्रोत्साहन र सारा देशमा शौचालयहरूको कार्यक्षमता र रखरखाउलाई बढाएर सामुदायिक गौरवलाई सुदृढ़ बनाउन हो ।

अभियान अवधिमा प्रतियोगिताहरू आयोजित गरिनेछ र नागरिकहरूलाई सोशल मीडिया प्लेटफार्मको माध्यमद्वारा आफ्नो स्वच्छता सफलताका कथाहरू साझा गर्नका लागि प्रोत्साहित गरिनेछ ।

यसको समापन आउँदो महीना दस तारीक हुनेछ । त्यसदिनलाई रास्ट्रिय मानवाधिकार दिवसको रूपमा मनाइन्छ ।

---

*World Toilet Day State*

यता राज्यमा पनि आज विश्व शौचालय दिवस मनाइयो ।

ग्रामीण विकास विभागको तत्वावधानमा जनस्वास्थ्य गरिमा र पर्यावरणीय स्थायीत्वमा जोड़ दिने उद्देश्यले गान्तोक सचिवालयमा आयोजना गरिएको समारोहमा विभागका मन्त्री श्री अरूण कुमार उप्रेती मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो ।

आफ्नो वक्तव्यमा उहाँले जिल्ला अध्यक्ष, उपाध्यक्ष र पञ्चायतहरूसित शौचालय स्वच्छताको गुणस्तर जाँच गर्न घरघरको सर्वेक्षण गराउने आग्रह गर्नुभयो ।

मन्त्रीले सबैसित सरसफाई कायम राख्ने स्वच्छता सुधारका लागि मिलेर काम गर्ने आह्वान गर्नुभएको छ ।

कार्यक्रममा बोल्दै प्रधान सचिव श्री डी आनन्दनले यो अभियान दस दिसम्बरसम्म चल्ने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो स्वच्छ भारत मिशनअन्तर्गत सिक्किमलाई खुल्ला शौचमुक्त नमूना राज्य रूपमा चिन्हित गरिएको छ ।

गतवर्ष यो दर्जा प्राप्त गर्ने सिक्किम पहिलो राज्य हो ।

नाम्ची जिल्ला र अन्य जिल्लामा पनि आज विश्व शौचालय दिवन पालन गरियो ।

---

*Aquaculture*

ICAR को केन्द्रीय Freshwater Agriculture संस्थानले माछापालन विभागसित मिलेर आज पाकिममा ताजापानी जलीय कृषिको हालैको उन्नत व्यवस्था सम्वन्धमा प्रशिक्षण कार्यक्रम आयोजन गरयो ।

यसलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै कृषि, वाग्वानी, पशुपालन तथा पशुचिकित्सा सेवा मन्त्री श्री पूरण कुमार गूरूङले मालापालकहरूलाई माछापालनेका उन्नत तकनिक अप्नाउन प्रोत्साहित गर्नुभयो।

उहाँले माछापालनमा उत्पादनशीलता बढ़ाउनका लागि प्रोद्योगिकीको भूमिकावारे प्रकाश पार्नुभयो ।

श्री गुरूङले कृषकहरूसित विन्त्रिय सहायता प्राप्त हुने प्रधानमन्त्री मत्स्य समपदा योजना जस्ता केन्द्र प्रायोजित योजनाहरूलाई प्रयोगमा ल्याउने आग्रह गर्नुभएको छ ।

---

*Sakewa*

भोलि साकेवा पर्व हो ।

राज्य स्तरीय साकेवा समारोह गेजिङमा आयोजित हुनेछ ।

समारोहको तयारीलाई लिएर आज गेजिङमा समीक्षा बेठक बस्यो।

यसमा जिल्लाधीशले सम्वन्धित विभागका अधिकारीहरू र कर्मचारीहरूलाई तालमेलराखेर काम गरी समारोहलाई सफल बनाउनुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

---

***SFA***

सिक्किम फुटबल संघका अध्यक्ष श्री मेन्ला इथेन्पा र उपाध्यक्ष श्री अर्जुन रोकाले आज राजभवनमा राज्यभवनमा राज्यपाल श्री ओम प्रकाश माथुरसित भेट गर्नेभयो।

भेटघाटको अवधिमा उहाँहरूले राज्यपाललाई गान्तोकको पाल्जोर स्टेडियममा भइरहेको चालिसौं अखिल भारतीय राज्यपाल स्वर्णकप अन्तर्रास्ट्रिय फुटबल टुर्नामेन्टवारे जानकारी दिनका साथै टुर्नामेण्टको फाइनलमा उपस्थित रहनका लागि निमन्त्रण गर्नुभयो।

फुटबल संघको निमन्त्रणलाई स्वीकार गर्दै श्री माथुरले खेलकुद क्षेत्र र चलिरहेको टुर्नामेण्टमा सहयोगका लागि पाँच लाख रूपियाँको सहायता राशि प्रदान गर्नुभयो।

---

***Football***

चालिसौं अखिल भारतीय राज्यपाल स्वर्णकप अन्तर्रास्ट्रिय फुटबल टुर्नामेण्टको अन्तिम क्वाटर फाइनल अहिले फलडलाइटमा गान्तोकको पाल्जोर स्टेडियममा भइरहेछ।

यसमा अहिले चेन्नाइया फुटबल क्लब र चर्च बोर्ड युनाइटेड नेपालले प्रतिस्पर्धा गरिरहेछन्।

---

***CM's Gold Cup***

बहुप्रतीक्षित मुख्यमन्त्री स्वर्णकप फुटबल टुर्नामेण्ट 2025 मकर संक्रान्तिको उपलक्ष्यमा जनवरी महीनाको पहिलो सातादेखि जोरथाङमा शुरू हुने भएको छ।

खेल र सांस्कृतिक परम्परालाई सम्मिलित गरेर नयाँ ढँगमा आयोजित हुने टुर्नामेण्टली अब मुख्यमन्त्री खुल्ला स्वर्णकप फुटबल टुर्नामेण्ट भनिनेछ।

यस्तो पहलले खेलकुदको भावना र सांस्कृतिक गौरव प्रदिशत भएर टुर्नामेण्टको विशेषता र महत्व वढ़ेर जाने आशा गरिएको छ।

---